## बैठक संख्या -६

### मिति २०८२/७/२५ गतेको गाउँकार्यपालिका पाचौं बैठकका प्रस्तावहरु

१. स्वास्थ्य सामाग्रीको ढुवानी सम्बन्धमा।
२. १५ शैया अस्पतालको ठेक्का सम्झौताको अवधी थप सम्बन्धमा ।
३. शित भण्डारको लागि ठेक्का व्यवस्थापन सम्बन्धमा ।
४. घाटगद्दी गरी राखेको ढुङ्गाको बिक्री दर रेट कायम गर्ने सम्बन्धमा ।
५. घर भाडा सम्बन्धमा ।
६. राहत सम्बन्धमा (भिटामिन ए र जुकाको औषधी कार्यक्रम सम्वन्धमा ।)
७. खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट धान खरिद कार्यक्रममा सहजीकरण सम्वन्धमा ।
८. मालपोत कार्यालयलाई सहयोग गर्ने सम्वन्धमा ।

### विविध विषय सम्बन्धमा

१. योजना पुस्तिकाको सम्बन्धमा ।
२. सार्वजनिक खरिद अनुगमन कार्यालयको जानकारी पत्र सम्वन्धमा ।
३. प्राविधिक कर्मचारीका लागि सवारी साधन खरिद सम्वन्धमा ।
४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त उजुरी सम्वन्धमा ।
५. कोइलाबास स्थित नेपालको राष्ट्रिय झण्डा व्यवस्थापन गर्ने सम्वन्धमा ।
६. एन्टि नार्कोटिक्स फाउण्डेसन नेपाल, गढवा ३ संस्थालाई अनुदान दिने सम्वन्धमा ।

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको छैठौं बैठकका निर्णयहरु - २०८२/०७/२५

**निर्णय नं. १**

गढवा गाउँ कार्यपालिकाको मिति २०८२ साल जेष्ठ ३० गतेको निर्णय नं. ७ मा Benevolent Healthcare Foundation d/b/a Project C.U.R.E. ले Healthcare System Streangthing in Rural Nepal कार्यक्रमको लागि निःशूल्क अनुदानको रुपमा उपलब्ध गराएको स्वास्थ्य सामग्री तथा उपकरणहरु U.S.A. को कोलोराडोबाट Benevolent Healthcare Foundation d/b/a Project C.U.R.E. गढवा गाउँपालिका सम्म ल्याउनको लागि आवश्यक पर्ने ढुवानी खर्च गाउँपालिकाको स्रोतबाट भुक्तानी गर्ने भनि निर्णय बमोजिम ढुवानीमा भएको जम्मा खर्च रकम अमेरिकी डलर $12480.00 साझेदारी कोष शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो । साथै उक्त संस्थाबाट प्राप्त हुने स्वास्थ्य सामग्रीहरु पालिकामा दाखिलाको व्यवस्था गर्ने सम्बन्धी आवश्यक कामकारवाही स्वास्थ्य शाखा प्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. २**

प्राविधिक शाखाबाट पेश भएको प्राविधिक प्रतिवेदन अनुसार गढवा गाउँपालिका वडा नं. ६ मा निर्माणधीन १५ शैंया आधारभूत अस्पताल आयोजना संघीय सशर्त अनुदान मार्फत कार्यान्वियन हुने गरी आ.व. २०७८/०७९ मा निर्माण व्यवसायी श्री Shyam Sundar/NB JV सँग सम्झौता भई कार्यन्वयन भइरहेकोमा हालसम्म उक्त आयोजनाको भौतिक प्रगति ६८% देखिएको र उक्त आयोजनाको हालसम्ममा ३ पटक म्याद थप भएकोमा प्रयास बजेट विनियोजन नभएको कारण समयावधि भित्र कार्यसम्पन्न गर्न नसकिएकोले मिति २०८३ साल वैशाख मसान्तसम्म पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरि म्याद थप गरी आयोजना कार्यान्वयन गर्ने साथै उक्त आयोजना कार्यान्विनको लागि आवश्यक पर्ने अपुग बजेट संघीय सरकार समक्ष माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

गढवा गाउँपालिका वडा नं. ३ मा निर्माणाधीन शित भण्डार निर्माण आयोजनाको निर्माण कार्य आगामी आर्थिक वर्षमा बजेट छुट्टाउने प्रतिवद्धा गर्दै बहुवर्षिय गर्ने गरी ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

गढवा गाउँपालिकाले विभिन्न घाटबाट गत आर्थिक वर्षमा उत्खनन् गरेर डम्पिङ गरि राखेको ढुङ्गाको स्टक नापजाच गरी साविक कै दर प्रति घनफिट रु.२७.५ कायम गरी बिक्री व्यवस्थापन गर्ने सम्बन्धमा निर्णय गरियो

सचिव

राम नारायण शर्मा पोख्रेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

निर्णय नं. ५

गढवा गाउँपालिकाले आवास व्यवस्थापनको लागि गढवा गाउँपालिका वडा नं. ६ बस्ने श्री लेख बहादुर थापाको घर भाडा लिइ प्रयोग गर्दै आइरहेको, आ.व. २०८०/०८१ देखि भाडा दर वृद्धि नभएकोले यस आ.व.मा साविकको भाडादरमा १० प्रतिशत वृद्धि गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

राष्ट्रिय कार्यक्रम भिटामिन ए र जुकाको औषधी वितरण कार्यक्रम अन्तर्गत गढवा गाउँपालिका वडा नं. ४ निवासी शिव कुमार यादवको छोरी १८ महिनाको जमुना यादवको मिति २०८२ कार्तिक २० गतेका दिन भिटामिन ए र जुकाको औषधी खुवाउने क्रममा निधन भएको हुदाँ मृतक आत्माको चीर शान्तिको कामना गर्दै गढवा गाउँपालिका परिवार यस दुखद घटनाप्रति हार्दिक समवेदना व्यक्त गर्दछ । साथै उक्त परिवारलाई राहतस्वरुप काजक्रिया गर्नको लागि एकमुष्ठ रु. ५० हजार आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

यस गढवा गाउँपालिका र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. तुलसीपुर ६ दाङ्ग वीच गढवा गाउँपालिका भित्र उत्पादन भएका कृषि उपज (धान) संकलन तथा खरिद प्रयोजनका लागि मिति २०८२ साल कार्त्तिक १४ गते सम्झौता भई धान खरिद भइरहेकोमा किसानबाट धान विक्रीको लागि अत्याधिक माग आएकोले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. लाई ५००० क्विन्टल कोटा थप गरी धान खरिद गरिदिनको लाग अनुरोध गर्ने निर्णय गरियो । साथै अन्य आवश्यक खर्च प्रथम पक्षले व्यहोर्ने गरी सम्झौता भएकोमा दोस्रो पक्षबाट धान खरिद गर्दाको समयावधीमा भएको खाना, आवास र खाजा खर्च र भण्डारको लागि वडा नं. ४ स्थित कालिका प्रा.वि. को झ्याल ढोका मर्मत गर्दाको विल बमोजिमको रकम को व्यवस्थापन साझेदारी शिर्षकबाट गर्ने निर्णय गरियो । साथै भण्डारण स्थलको लागि गढवा गाउँपालिका वडा नं. ६ स्थित श्री लेख बहादुर थापाको घर भाडामा लिई मासिक रु. ५०००।- (अक्षेरुपीः पाँच हजार रुपैयाँ मात्र) भुक्तानी दिने गरी सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

श्री मालपोत कार्यालयले नयाँ इन्भर्टर खरिदको लागि कार्यालयमा बजेट नभएकोले सहयोग गरिदिन भनि यस गढवा गाउँपालिकाको कार्यालयमा सिफारिस पत्र पठाएको हुदाँ १६० एम्पियरका ४ थान व्याट्रि खरिद गरि मालपोत कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं. ९ विविध निर्णयहरु:

१. यस गढवा गाउँपालिकाले आ.व. ०८२/०८३ मा उपभोक्ता समितिद्वारा हुने आयोजना/कार्यक्रमहरुका लागि योजना पुस्तिका छपाई गरि सकेको हुँदा सोही पुस्तिकामा कार्यान्वयन गर्ने निर्णय गरियो । योजना पुस्तिकाको दुरुपयोग नहोस भन्नका लागि प्रति योजना पुस्तिका रु. ३००।०० शुल्क लिई समितिलाई उपलब्ध गराउने निर्णय गरियो ।

२. सार्वजनिक खरिद अनुगमन कार्यालयको च.नं. MK।६१० मिति २०८२/०७/१३ को पत्रानुसार यस गढवा गाउँपालिकाले प.सं. ०८२/०८३ च.नं. ४३९ मिति २०८२/०७/०२ मा खरिद सम्झौता गर्न नआएकोमा खुशी निर्माण सेवा बाणगंगा ५ कपिलवस्तुलाई कालो सूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्राचार गरेकोमा उक्त कार्यालयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ र सार्वजनिक खरिद नियमावली २६४ को नियम १४१ बमोजिम कारवाही गर्न नसकिने व्यहोराको प्राप्त पत्र बैठकमा पेश भई जानकारी हुन आयो ।

३. प्राविधिक कर्मचारीहरु कामकाजको लागि फिल्ड आउन जानको लागि सवारी साधन नभइ कठिनाई भएकोले कन्टिजेन्सि खर्च शिर्षकबाट आवश्यक सवारी साधन खरिद गर्ने निर्णय गरियो ।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. ९६, मिति २०८२/०७/२१ गतेको प्राप्त पत्रको व्यहोरा सम्वन्धमा छलफल गरियो ।

५. गढवा गाउँपालिका वडा नं. ८ कोइलाबास स्थित सिमानाकामा विगत देखि नै नेपालको झण्डाहरु राख्दै आइरहेको र हाल ति झण्डाहरु हावा पानीले गलि च्यातिएको हुदाँ आवश्यक ८१ थान नेपालको झण्डा खरिद गरि राख्ने निर्णय गरियो ।

६. गढवा गाउँपालिकाले चालु आ.व. मा विनियोजन गरेको कार्यक्रम सुधार केन्द्र सञ्चालनका लागि एन्टि नार्कोटिक्स फाउण्डेसनलाई अनुदान शिर्षकको रकम एन्टि नार्कोटिक्स फाउण्डेसन नेपाल, गढवा ३ ले पेश गरेको विल भरपाई बमोजिम अनुदान रकम सो संस्थालाई दिने निर्णय गरियो ।

राम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

निर्णय प्रमाणित गरियो।
सचिव

CamScanner